CC-0. In Public Domain. Digitization by eGangotri

ए० के० रत्न० भो० शास्त्रीको

...ना-विलास प्रहसन

(नेपाली अनुवाद)

891.492
POU

बृहस्पति (लुषभेश) पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्ता नं. ५००६
ने.२६२१

लीला-विलास प्रहसन

[नेपालीमा]

नं ६२२

अनुवादक

स्वर्गीय बृहस्पति (लुषभेश) पौडेल



सम्पादक

रुक्मनाथ पौडेल

मूल्य रू. १।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक

नयनाथ पौडेल

ठूलाघर, लामाटार, ललितपुर ।

891.492
PAN



पहिलो पल्ट २०२९ मा १००० प्रति

मुद्रक–

जगदम्बा प्रेस, [प्रा.] लि.

श्रीदरबारटोल, ललितपुर नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्ता नं. ५००६

सम्पादकीय

हाम्रो घरमा आफूभन्दा ठूलासँग पढ्ने र सानालाई पढाउने चलन चलेको छ। जस्तो म अहिले पिताजीसँग पढ्छु र भाइलाई पढाउँछु, त्यस्तै हामी दुई दाजुभाइ [अनुवादक र म] मा गुरु-शिष्यको नाता थियो। उहाँ पिताजीसँग पढ्नुहुन्थ्यो र मलाई पढाउनुहुन्थ्यो।

उहाँ हास्यप्रेमी हुनुभएकोले हाँस्न र हँसाउन ज्यादै जान्नुहुन्थ्यो। 'लीला-विलास प्रहसन' पनि उहाँले मलाई पढाउने पुस्तकमध्येको एउटा हो। उहाँ मलाई यो पुस्तक पहिले अनुवाद गरेर पेट मिची मिची हाँस्नुपर्ने तरीकाले पढाउनुहुन्थ्यो। उहाँले गर्नुभएको अनुवाद अहिले सम्पादन गरी उहाँकै स्मृतिमा पाठकवर्गको समक्ष राखेको छु।

२०२९ फागुन ६ गते — रुक्मनाथ पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झनाको शब्द

बिरामी परेका बखत एकै थलोमा बसेर दिन काट्नुपर्ने समस्या सबैमाथि आइपर्छ । मेरा भाइ बृहस्पति पनि बाल्यावस्थामा धेरैजसो अस्वस्थ रहे । यसो हुँदा साथी-सँगातीसँगको खेलबाडबाट पर हटी उनले आसन स्थिर गरेर पढ्ने बानी सजिलै बसाले । यतिखेर उनले पढेका धेरै बालोपयोगी किताबहरूमध्ये यो लीला-विलास प्रहसन पनि एउटा हो ।

पढ्ने मात्र होइन, आफूले जाने–बुझेका र पढेका कुरालाई प्रभावकारी शैलीबाट व्याख्यान गरी बालवृद्ध सबैलाई रट्न पार्ने सक्ने गुण पनि उनमा थियो । इष्टमित्रका घर गएका बखत या अन्त कतै गएका बेलामा आफनो वरिपरि दुई चार जनालाई झुम्म्याई व्याख्यान शुरू गरिहाल्ने उनको केटाकेटीदेखिकै बानी हो । कथा भनेपछि हुरुक्क हुने स्वभाव जुनसुकै केटाकेटीको हुन्छ । त्यसमा पनि अरू हँसाउने खालको कथा सुन्न पाएपछि त सुनमा सुगन्ध भइहाल्यो । सबैजना मुग्ध भएर उनको कुरा सुन्थे । बीच–बीचमा आफनो कल्पनाशक्तिद्वारा नयाँ कुराहरू जोडजाड गरेर सुनाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा श्रोताहरू दङ्ग पर्थे। 'टाढाबाट उपत्यकालाई हेर्दा' को प्रतिक्रियामा सिम्भूको मन्दिरलाई नेपाली झण्डा र ठिङ्ग उभिएको धरहरालाई झण्डा अडचाउने यष्टिको रूपमा कल्पना गरेर एकदिन उनले आफ्नो मित्रमण्डलीलाई सुनाउँदा निक्कै रमाइलो भएको थियो। यस्तै थियो उनको बाल्यजीवन!

बालवृद्ध सबैको सँगाती हुन पुगेका बृहस्पतिले एकताका एउटा नाटक खेली रमाइलो साँझ मनाउने योजना बनाएका थिए। धेरै हाँस्नुपर्ने कुरा भएकोले खेलिने नाटक यही 'लीला-विलास प्रहसन' छानिएको थियो। संस्कृतमा लेखिएको नाटकलाई उनले नेपालीमा अनुवाद गरे। तर दैवको लीला! नाटक खेलाउन पाइएन। बनारसमा हुँदा २०२८ साल माघ १६ गतेका दिन भागीरथीको काखमा उनी दिवंगत भए। उनले आफ्नो गाउँमा प्रदर्शन गराउन भनी रचेको यो अनुवाद नेपाली जान्ने सबैले पढुन् र चाहनेले प्रदर्शन समेत गरुन् भनेर उनकै वर्ष दिनको पुण्य तिथिमा उनकै स्मृतिमा मैले यो पुस्तक प्रकाश गरेको छु।

२०२९ माघ शुक्ल पूर्णिमा
फागुन ६ गते शनिवार

नयनाथ पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पात्र-परिचय

गौतम—दाने बाहुन.

चन्द्रिका—गौतमकी स्वास्नी.

लीला—दुबैकी छोरी.

पहिलो, दोस्रो—जँडचाहा

पुरोहित—वेदभट्टको कुलगुरु.

वेदभट्ट—वेदान्तभट्टको बाबु.

वेदान्तभट्ट—गौतमले ठीक पारेको दुलहा.

बूढी—गौतमकी आमा.

सत्यव्रत—लीलाको दाजु.

बूढा, पहिलो, दोस्रो, पुरञ्जन—विहेघरमा जान लागेका बाहुनहरू.

चोर, सन्धिभेदक—चोर

पुण्डरीक—चन्द्रिकाको भाइ

कुशिक—रामिलको कुलगुरु.

रामिल—सोमिलको बाबु.

सोमिल—चन्द्रिकाले ठीक पारेको केटो.

विलास—(धर्मराज भन्ने) जसलाई लीला दिइयो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लीला-विलास प्रहसन

दिवंगत अनुवादक

उदय- २०३० श्रावण कृष्णाष्टमी रविवार १८ गते ।

अस्त- २०२८ माघ शुक्ल पूर्णिमा रविवार ११ गते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लीलाविलास-प्रहसन

पहिलो अंक

(फ्रिल्के-मिल्के लुगा लगाएको सूत्रधारको प्रवेश)

सूत्र—गणेशजी म हूँ साक्षात् म हूँ दामोदर स्वयं !
मृत्यू जित्ने म हूँ रुद्र ब्रह्माजी पनि हूँ स्वयं ॥
देवतामा ठुलो मै हूँ म हूँ परम पूरुष ।
मभन्दा छैन बढ़ै ठूलो ... ...

नटी—(फ्रोक्किदै पसेर) के रे ! म ?

सूत्र—(नरम भएर) ... ...तिमी छयौ परमेश्वरी ।

नटी—(दङ्दास हुँदै) ठीक भन्यौ म तिमीदेखि प्रसन्न भएँ, वर माग ।

सूत्र—प्यारी ! ... ... (भन्नै नपाउँदै)

नटी—(फ्रोक्किदै) 'देउतो' भन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूत्र— हे देउती ! आज मैले 'कुनै राम्रो प्रहसनको प्रदर्शन गराऊ' भन्ने सभाको आज्ञा पाएको छु तर त्यस्तो ठीक सुहाउँदो प्रहसन भने फेला परेको छैन । के गर्ने हँ अब ?

नटी— केको फिक्री ! देवताको निगाह भए इज्जत थामौंला अरू केही नपाए हामी आफैं भुत्लाभुत्ली गरौंला । हाम्रो झगडा नै पेट मिची मिची हाँस्नुपर्ने प्रहसन बन्नेछ ।

(नेपथ्यमा) ए ! लठरी ! किन फत्फताउँछेस् ?

नटी— (कान थापेर) ए ! के हँ ?

सूत्र— (नेपथ्यतिर फर्केर) देउती ! भाग्यले हाम्रो भार हलुको भयो । किनभने—

श्रीमती चन्द्रिकासाथ यिनी ब्राह्मण गौतम ।
आउँदै छन् झोंकिएर राता आँखा लगाउँदै ।।

यी दुईको साँच्चा-साँच्चीको झगडा नै आजको प्रहसन बन्ने भयो । बस् ! हामीले बनाबटी झगडा गर्नुपरेन । त्यसकारण जाऔं । (निस्कन्छन्)

(त्यसपछि गौतम र चन्द्रिकाको झगडा गर्दै प्रवेश)

गौतम— ए ! लठरी ! किन फत्फताउँछेस् ? धार्मिकहरू कन्यादानलाई महादान भन्दछन् ! अरू सत्पात्रलाई दियोभने त झन् फल मिल्ने हुन्छ ।

चन्द्रिका—के तिम्रा कन्यादानका सत्पात्र तिनै वेदभट्टका छोरा होइनन् ?

गौतम— हो त, तिनी कौशिक गोत्रका ठूलो कुलमा जन्मेका वेद जान्ने र सदाचारमा लागेका छन् ।

चन्द्रिका—त्यसका गोत्र औ वंश तथा वेद अभिज्ञता ।
आचार शीलता आदि धिक्कार छ सबैतिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो त तनाह छ खालि टपरेवृत्तिले मात्र पेट भर्दछ ।

गौतम— त्यसैले त मैले उनलाई कन्यादान गर्ने निश्चय गरेको हुँ किनकि धर्मशास्त्रकारहरूले 'दुःखीमा दान गर्नाले फल मिल्छ युधिष्ठिर !' भनेका छन् ।

चन्द्रिका—बाँदरको हातको माला जस्तै मूर्खको हातको धर्मशास्त्रले यस्तै अनर्थ गर्दछ ।

गौतम— ओहो ! यसै गरी पाखण्डीहरू धार्मिकलाई गिज्याउँछन् ।

चन्द्रिका—भैगो, यस्ता महाधार्मिक तिमीलाई यो प्रश्न गर्दछु— के तिमीले आफ्ना बूढा बाबुलाई कुनै तीर्थमा पर्याकेका थियौ ?

गौतम— किन नि ?

चन्द्रिका—धर्मशास्त्रमा त्यस्तै लेखेको छ ।

गौतम— धर्मशास्त्रको त्यो के वचन हो त ?

चन्द्रिका—मनुले भनेका छन् 'वृद्ध आफ्नु तीर्थमा ।'

गौतम— पिताजी जिउँदो छँदैमा मैले यो धर्मशास्त्र सुनिनँ । सुनेको भए त्यो वचन मान्ने थिएँ हुँला ।

चन्द्रिका—अहिले पनि केही भएको छैन यो कुरा हाम्रा छोरा सत्यव्रतलाई सुनाइराख, उसले तिमीलाई कुनै न कुनै तीर्थमा फालिदिनेछ ।

गौतम— एहेः यो कुरा त्यसको कानमा नपरोस् मलाई धेरै बाँच्नु छ ।

चन्द्रिका—आफू धेरै बाँच्न खोज्नेले, निरपराधी उमेर पुगेकी छोरी-लाई किन दरिद्ररूपी अँध्यारोमा पर्याक्न खोज्छौ त ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— हरे ! तँ त स्वाँठै रहिछस्। दरिद्रमा धेरै गुण हुन्छन्। सुन्, दरिद्रले भज्दछ लक्ष्मीलाई।

चन्द्रिका—के फेरि भन त ?

गौतम— दरिद्रले भज्दछ लक्ष्मीलाई ।

चन्द्रिका—दरिद्रले लाज सबै पचाउँछ ।

गौतम— दरिद्रले संयम गर्दछ दिन्दिनै

चन्द्रिका—दरिद्रले श्री यमराज भेट्तछ

गौतम— दरिद्र नै पाउँछ त्यो परंपद

चन्द्रिका—दरिद्रले नै परपाउ सेब्दछ

गौतम— दरिद्रको छुट्दछ लोक बन्धन

चन्द्रिका—दरिद्र नै 'धाउँछ खान खातिर'

गौतम— तेरो ओठे जबाफलाई चिनेको छु। भन् न त लीला कसलाई दिने ?

चन्द्रिका—शम्बर गाउँमा बस्ने रामिललाई कसले चिनेको छैन हँ ?

गौतम— अँ, याहा छ उसको नाउँ चलाइदिने मुख्य त उसको छोरो हो रे।

चन्द्रिका—कसरी नि ?

गौतम— त्यसको छोरो सोमिल जँडचाहा ज्यादै बदमाश छ रे उसको बाबु कुख्यात भएको रे। अनि !

चन्द्रिका—हुन त त्यो जँडचाहा नै होओस्न तर धनी छ। संसारमा सबभन्दा ठूलो र मान गरिने वस्तु धन नै हो। सुन्नुहोस्—

प्राणशून्य नगरा ठटाउँदा, घन्कँदो छ धन धन् भनी भनी ।
ऋयालि नै पनि अहो बजाउँदा, रन्कँदो छ पण् पण् गरी गरी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— धिक्कार होस् ! धिक्कार !! त्यस्तो जँड्याहा केटालाई लीला दिने ? म धार्मिक त कुनै हालतमा पनि त्यसलाई दिन सक्तिनँ ।

चन्द्रिका—ठीकै छ । तिमी नदेऊन । म दिन्छु ।

गौतम— मैले कत्ति चोटि देखेको; त्यो त कपाल तलास्ने, चुरोट तमाखु उडाउने गर्छ र दारी पनि आफैं खौरन्छ !

चन्द्रिका—तौ सबै कुरा जबाना-अनुसार ठीकै छन् ।

गौतम— भो भो धेरै बक् बक् नगर् तँले ठाउँ छोडिसकिस् । आज वेदान्त भट्टहरू कामकुरो छिन्न आउँछन् ।

चन्द्रिका—के भो त ? जसरी आउँछन् उसै गरी जान्छन् ।

गौतम— मैले वेदान्त भट्टलाई वचन दिइसकेको छु ।

चन्द्रिका—वचन दियौ छोरी त दिएका छैनौ । वचन बदल्न केको गाहो ।

गौतम— (छोक्किदै) ए ! राँड । के यो कुकुर्नी भुकेझैं बबबकाउँछेस् ? के चुप लाग्न सक्तिनस् ? (यसो भन्दै जगल्टचाउँछन् चन्द्रिका चिच्याउँछिन्)

(लीला हतारिदै पुग्छिन्)

लीला— यो के हो ? किन यस्तो भुत्लाभुत्ली ?

गौतम— छोरी तिम्री आमाले तिमीलाई रामिलको छोरा जँड्याहालाई दिने रे ।

लीला— के जँड्याहालाई ? त्यस्तालाई त टाढैबाट नमस्ते ।

गौतम— (चन्द्रिकालाई आँलो ठड्याउँदै) ल खा, कसो भो त मैले भनेको ?

चन्द्रिका—छोरी तिम्रा बाबुले तिमीलाई वेदान्त भट्टलाई दिने रे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लीला— के रे ! वेदान्तलाई ? वेदान्तलाई त जोगीहरूले मान गर्दछन् । विवाह गर्नेले त होइन । यसकारण वेदान्तको पनि कुरो छाडिदिनोस् ।

चन्द्रिका—(गौतमलाई औंलो ठड्याउँदै) खुच्चिङ मेले भनेको कसो भो ?

(दुवै जना आफुस-आफुसमा औंलो ठड्याको ठड्याई गर्छन्)

लीला— माताजी ! पिताजी ! उसोभए यो भुत्लाभुत्ली बिहेकै लागि हो ? छिः तपाईहरूको झगडाले त मलाई दिक्क पार्दछ । अब झगडालाई छोडेर मेल-मिलाप बढाउनोस् । मित्र जाऔं ।

गौतम— छोरी ! मैले झगडा छोडिदिएँ ।

चन्द्रिका— मैले मेलमिलाप छोडिदिएँ ।

लीला— पिताजी ! तपाई छिटै मेल गर्नोस् ।

चन्द्रिका—छोरी, म झगडा गर्छु ।

लीला— के यो तपाईहरूको देकारको आवेश हो ? के वेदान्त र जेंड्याहाबाहेक अरू केटा छैनन् ?

गौतम— छोरी ! छन त कुकुर जस्ता अनेकन छन् । तर वेदान्त जस्ता धार्मिक त विरलै होलान् !

चन्द्रिका—छोरी ! त्यस्ता बकुल्लाभक्त वेदान्त त हजारौं भेटिन्छन् । तर के काम ?

(दुइटा जेंड्याहा मदले धुर्पुराउँदै आएका देखिन्छन्)

लीला— (डराउँदै) यो को हुन् ?

गौतम— बाटो हिंड्ने जेंड्याहा हुन् । हुन सबछ तिम्रो आमाले तिम्रो लागि ठीक पारेका केटाले पठाएका लमी होलान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(चन्द्रिका डराउँदै पछि हट्छिन्)

लीला— (चन्द्रिकाको हात तानेर) माताजी ! आउनोस् नडराउनोस् । के तपाईंले ठीक पार्नुभएको केटा यस्तै छन् ?

(ती जँडचाहा फटाफट तिनीहरूको नजीक आउँछन्)

गौतम— सबै जना भित्र जाओं ।

(पर्दा खस्छ)

पहिलो अंक सकियो ।

दोस्रो अंक

(पुरोहितलाई अघि लगाएर आएका वेदभट्ट र वेदान्त भट्टको प्रवेश)

वेद— पुरोहितजी ! तपाईं त ठूला ज्योतिषी हुनुहुन्छ ल भन्नुहोस् यो विहे होला कि नहोला ?

पुरो— (आँला गन्दै विचार गरेर) ग्रहगति विचारेर भन्दैछु— बक्री शनिको क्रूरदृष्टि छ ता पनि बुध आपनै राशिमा छन् । यसैले विहे होला जस्तो छ ।

वेद— उसोभए तपाईलाई दोधारै छ ?

वेदान्त— दोधार माने विग्रन्छन् ।

पुरो— दोधार छैन, होइहाल्छ नि ।

वेद— तपाईले ठीक भन्नुभयो विहे पक्कै हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरो— केको आधारमा, पक्कै हुन्छ भन्नुभयो ?

वेद— ती गौतम जमान बदल्ने मानिस होइनन् ।

पुरो— म जस्तो ज्योतिषीको वचन कहिले पो खेर जान्छ र ?
(केही हिंडेपछि, देखेर) यो गौतमको घर हो । मित्र
पर्सौं (सबै पस्छन्)

वेदान्त— अहो ! ससुराली पस्ता त कस्तो आनन्द ?
(त्यसपछि गौतमको प्रवेश)

गौतम— (आदरपूर्वक हात जोडेर) अभ्यागतको स्वागत छ ।

चन्द्रिका—(हतारिंदै पसेर) तिम्रा महर्षिहरू यिनै दाह्रीवाल
हुन् । (पुरोहित दाह्री मुसार्दै वेदभट्टतिर फर्कन्छन् । वेदभट्ट
टाउको हल्लाउँछन्)

वेदान्त— अहो ! सासूले हामीलाई महर्षिवंशी भन्ने ठान्नुभयो ।
त्यसो हुनु त हाम्रो ठूलो इज्जत !

गौतम— हजुरहरू बस्नुहोस् (भन्दै कम्बल बिछ्याइदिन्छन् ।
उनीहरू बस्न खोज्छन्)

चन्द्रिका—उठ उठ (कम्बल उठाएर लैजाँदै) थच्चिओ ! (पुरोहित
छक्क परेर वेदभट्टतिर पुलुक्क हेर्छन्)

वेदान्त— अहो मेरी सासू त धार्मिक हुनुहुँदो रहेछ ।
'घाँस पानि भुई चौथो बोली हो सत्य औ प्रिय' ।
यस्तो धर्मशास्त्रको मनाइ छ !

वेद— हो, भुइँ नै असल आसन हो । बसौं (सबै बस्छन्)

चन्द्रिका—घाँसहरू, भुइँ, पानी, चौथो सत्य र प्रिय बोली हो ।
के खानलाई घाँस हाल्नुपऱ्यो ?

पुरो— केही पनि चाहिंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— यी पानी (भनेर पानी दिन्छन्)

चन्द्रिका—के यस्तो पानी दिन्छौ ? (भन्दै पानीको भाँडो टिपेर लैजान्छिन्)

पुरो— क्या हो यस्तो ? कुरो बटारिएजस्तो छ नि ?

वेद— पुरोहितजी ! यो ठीकै छ नि पहिले आएकालाई दूध खान दिनुपर्छ, पानी होइन ।

चन्द्रिका—के दूध खाने हो ? ल ल्याउँछु (यसो भनेर नून खोर्सानी घोलेको पीरो मोही ल्याइदिन्छिन् । वेदान्त छुर्छुरे हुनाले एकैसासमा पिउँछन् । अरू पनि पिउँछन् सबै जना पीरोले हाः हाः गर्छन् ।)

पुरो— के यो मही हो ?

वेदान्त— 'दूध दुर्लभ हामीमा मोही दुर्लभ इन्द्रमा' ।

चन्द्रिका—दूध त सर्पलाई पो पियाउँछन् त सम्बन्धीलाई हो र ?

पुरो— हजुर ! सम्बन्धी पनि बारंबार बाउँटिने हुनाले सर्प जस्तै हुन् ।

चन्द्रिका—एहे ! तिमीहरू त सलबलाउने सर्प पो ? उसो भए छिट्टै भाग । नत्रभने मन्त्रको फेला परौला ।

पुरो— (कानेखुशी गरेर) आर्य ! यो के चाला हो ?

वेदान्त— (कानेखुशी गरेर) यो वक्री शनिको क्रूरदृष्टिको फल हो ।

(कानेखुशी गरेर) यिनले भनेर के र ? गौतमलाई सोधौं न (सुन्ने गरी) आर्य यो के चाला हो ?

गौतम— यो कुरा छाडिदिऊँ । हजुरहरू के भन्न चाहनुहुन्छ ?

पुरो— यी दुईको चिना राम्ररी मिलेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रिका—उसोभए चिना-चिनाको बिहे गर। लीला र वेदान्तको होइन।

वेदान्त— अहह ! यो कुरो त वेदान्त (शास्त्र) मुहाउँदो भयो।

पुरो— बाबु चुपो लाग। तिमी त सबै कुरा भताभुङ्ग पार्न बेर लगाउँदैनौ !

वेद— छोरा ! चुपो लाग गधाको अगाडि वीणा बजाएर के काम ?

वेदान्त— 'लाग्नू चुपै हो गहना त मूर्खको'। (भनेर हातले मुख थुनेर सालिक जस्तै बन्छन्)

पुरो— हजुर ! कन्याले केटालाई हेरिहालुन् ल्याइदिनोस् त ?

चन्द्रिका—अहो ! मेरी छोरी त सर्पदेखि डराउँछे।

वेद— हजुर हामी गौतमसँग केही सल्लाह गर्न आएका छौं। तपाई मफतमा किन फत्फताउनुहुन्छ ?

वेदान्त—'दिनमा स्त्री प्रसङ्ग ले काल बित्तछ विज्ञको'।

चन्द्रिका—उसो भए म तिमीहरूको प्रतिकूल बन्दिनँ। जोसँग सर सल्लाह गर्नु छ उसैसँग गरेर भरपेट पानी पिएर जाओ (भन्दै पानीको भाँडो पुरोहितको अगाडि राखेर फट्फटाउँदै जान्छिन्)

वेदान्त— आहा ! मेरी सासू त धर्मावतार हुनुहुँदो रहेछ किनभने- 'धर्मको गति छिट्छिटो'

वेद— आर्य यो के चाला हो ?

गौतम— तपाईंहरू एकैछिनमै त्यसको बोलीदेखि तर्सनुभयो ? दिनका कैयौं पटक त्यसका कुरासे कानका कीरा खाइसके तापनि मलाई केही असर पार्रेको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्नोस् मेरा गाला (गाला मुसार्छन्)

वेदान्त— अहो ! मेरा ससूरा त साँच्चै सुद्धबुद्ध स्वभावको हुनुहुँदो रहेछ ।

पुरो— के आज कामकुरो छिन्ने हो ?

वेद— केटीको के इच्छा छ ?

गौतम— के बोकाबाख्राका सल्लाहले भैरवलाई बली चढाउने हो र ?

चन्द्रिका—(यसो चिहाएर) साँच्चै नै यो त भैरव जस्तो छ ।

वेद— हजुर शुभकार्यमा रिस गर्नु ठीक छैन । यहाँ आउनोस् ।

चन्द्रिका—यदि म त्यहाँ आएँभने सबै कुरो उल्टो पुल्टो हुनेछ यसकारण अन्तै जान्छु ।

वेदान्त— 'नम्रता औ लाज छैनन् छैनन् दाक्षिण्य भीरुता'

पुरो— पहिले ब्राह्मणीलाई फकाउनोस्, अनि कामकुरो छिन्नुपर्ला ।

गौतम— को पो स्वास्नीका सल्लाहले काम गर्दछ ? त्यो जे-सुकै भनोस् ।

वेद— ठीक भन्नुभयो ! पण्डितजी ! म पनि मेरी घरपट्टीको सल्लाह लिन्नें । तपाई र म उरतै भएछौं ।

पुरो— बिहे कति गतेलाई ठीक पर्ला ?

वेदान्त— राम्रो कुरा चाँडै गर्नुपर्छ ।

गौतम— शास्त्रको कुरामा त तपाई जसो भन्नुहुन्छ ।

पुरो— अब आउने मङ्गलबार मलाई कुनै पनि जजमानकहाँ जानुपर्दैन । त्यसै दिन गरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेद— मङ्गलबार त क्रूर हो नि ?

पुरो— होइन होइन मङ्गल कामको लागि यो वार ज्यादै असल छ मङ्गल गर्ने वार हुनाले नै यसलाई मङ्गल वार भनेको ।

गौतम— व्याख्या ठीक छ । त्यसै दिन भए हुन्छ ।

वेदान्त— 'यो व्याख्या बुद्धिले हुन्छ आफूलाई सुहाउँदो' ।

पुरो— केटी लेराउनोस् ।

गौतम— हुन्छ (भनेर भित्रबाट लीलालाई लेराउँछन् । आमा पनि उनको पछि पछि लाग्छिन्)

(वेदान्त भट्ट हत्तपत्त उठेर मुखमा हात राखेको राख्यै छक्क पर्छ)

पुरो— (लीलापट्टि फर्केर) नानी ! ढुङ्गो जस्तै निश्चल रहू ।

चन्द्रिका— यिनी ढुङ्गा झैं निश्चल नै छिन् तर तिमीहरूको वेदान्तसँग बिहे गर्ने छैनन् ।

पुरो— (वेदान्तसँग कानेखुशी गरेर) हजुर ! हाम्रो केटाको नयाँ नाम अर्कै छ ।

चन्द्रिका—के ! कुम्भोदर ?

पुरो— होइन ।

चन्द्रिका—उसो भए के त ?

पुरो— यसको नयाँ नाम लक्ष्मीकान्त हो ।

चन्द्रिका—लक्ष्मीकान्त ! एः लक्ष्मीको प्यारो रहेछ, लीलाको होइन ।

पुरो— यी हजुरकी छोरी साक्षात् लक्ष्मी नै हुन् (लीलापट्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केर) नानी ! श्री रामकी सीता जस्तै ··· ···

चन्द्रिका—पख पख 'सीता रावणकी जस्तै ··· ···'यस्तो भन ।

पुरो— (लीलातिर फर्केर) नानी ! तिम्रो केटो यही हो ? केटालाई नमस्कार गर ।

(लीला पहिले पुरोहितलाई हातले भुई छोएर ढोग्छिन्)

वेदान्त— 'ढोग्नू दुर्जनलाई नै पहिले अनि सज्जन' ।

पुरो— (वेदान्तपट्टि फर्केर) के रे !! (आँखा राता गराउँछन्' (लीला वेदभट्टको अगाडि त्यसै गरी ढोग्छिन् र हट्छिन्)

वेदान्त— प्यारी, पख पख (दुई तीन पाइला अघि सरेर) यहाँ तिम्रो मान्नुपर्ने ससुराजी हुनुहुन्छ। उहाँको अगाडि साष्टाङ्ग प्रणाम गर्नु पर्छ (यसरी सिकाउँदा लीलालाई नै साष्टाङ्ग प्रणाम गर्छन्)

पुरो— एः के गरेको ? केटाले केटीलाई ढोग्नुपर्ने होइन ।

चन्द्रिका—आः यो केटो वर होइन । यसकारण लीलालाई ढोगेर केही भएको छैन ।

पुरो— हजुर ! त्यसो नभन्नोस्न ।

चन्द्रिका—हो, सो भनिसकेको कुरा भन्नै नहुने हो ।

वेद— हजुर ! दयापूर्वक बिहेलाई वचन दिनोस् !

चन्द्रिका—अँ तिम्रो छोराको धन कति छ नि ?

वेद— विद्याधन नै सबैभन्दा ठूलो धन हो ती सबै यसमा छन् ।

चन्द्रिका—यसले के पढेको छ ?

वेद— विष्णुसहस्त्र नाम पढेको छ, पुरुषसूक्तमा त जाँच पनि दिएको छ, अलि अलि वेदान्त पनि बुझेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रिका—ठीक छ, यसले विद्या त राम्रै पढेको रहेछ । अँ संग पनि जानेको छ ?

वेद— (टाउको हल्लाउँदै) अलि अलि ।

चन्द्रिका—उसो भए केही गाओस् त ।

वेद— बाबु ! तिम्री सासू श्लोक सुन्न खोज्नुहुन्छ संस्कृत भन्ने श्लोक पढ त ।

वेदान्त— (राग ढालेर)

संसा···रीज···नला ईनै मो···क्षगर्ने म···वाङ्कुर

कीर्तनी···यमहा···देवन···मस्कार···मगर दछु ॥

चन्द्रिका—(ठट्टा गर्दै) अः स्वर त गधाकै जस्तो रहेछ ।

वेद— हजुर सङ्गीतमा कुनै अक्षर चपाउन र बदल्न सकिन्छ, यो श्लोक यसरी भन्नुपर्यो —

संसारी जनलाई नै मोक्ष गर्ने भवाङ्कुर ।

कीर्तनीय ! महादेव नमस्कार म गर्दछु ॥

चन्द्रिका—भो भो व्याख्या विना नै सबै थाहा भैसक्यो (गौतम फर्केर) यसलाई राम्रै चिनें । हाम्रो लील योग्य रहेछ विहेको निश्चय गरे भयो, नत्र धर्मशास्त्रले डाँको छोड्लान् यति भनेर खो लीलालाई लिएर जान्छे)

(सबै जना उठेर दङ्ग पर्छन्)

वेद— अन्त्यमा गएर केटीको आमाले पनि वचन दिनुभ

पुरो— अघि मैले भनेको जस्तै भयो ।

गौतम— अब हजुरहरू पाल्नुहोस् मङ्गलवार ठीक सम पाल्नुहोला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै निस्किए ।

वेदान्त— ससुरालीमा त कस्तो सुख !

(पर्दा खस्छ)

द्वितीय अंक सकियो

तेस्रो अंक

(पहिरहेका सप्तपत्त देखिन्छन्)

(खिन्न भएकी लीला त्यहाँ पस्छिन्)

सत्य— (लीलालाई देखेर) लीला ! किन दिक्क मानेकी ?

लीला— के भनूँ ! खोइ म अभागिनी ! (यसो भनेर लुगाको फेरले आँसु पुछ्छिन्)

सत्य—(उठेर) लीला ! तिमीलाई के दुःख पऱ्यो भनन ?

लीला—पूर्व जन्मको भाग्य नै त्यस्तै के गर्नु ?

सत्य— किन हँ ?

लीला— पिताजी वेदान्त भट्टसँग र माताजी जँडचाहा सोमिलसँग मेरो बिहे गरिदिन लाग्नुभएको छ । के यिनीहरूलाई चिन्नुहुन्छ ?

सत्य— दुवैलाई रात्रै चिन्दछु एउटा राडो र अर्को बाँदर हो । लीला ! पिता माताले किन यस्तो गर्नुभएको ?

लीला— ममा ज्यादा माया भएकोले ।

सत्य— कहिले कहिले त ज्यादै मायाले गर्दा गुण र दोष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रिका—ठीक छ, यसले विद्या त राम्रै पढेको रहेछ । अँ सं
यनि जानेको छ ?

वेद— (टाउको हल्लाउँदै) अलि अलि ।

चन्द्रिका—उसो भए केही गाओस् त ।

वेद— बाबु ! तिम्रो सासू श्लोक सुन्न खोज्नुहुन्छ सं
भन्ने श्लोक पढ त ।

वेदान्त— (राग ढालेर)
संसा···रीज···नला ईनै मो···क्षगर्ने भ···वाङ्कुर
कीर्तनी···यमहा···देवन···मस्कार···मगर दछु ॥

चन्द्रिका—(ठट्टा गर्दै) अः स्वर त गधाकै जस्तो रहेछ ।

वेद— हजुर सङ्गीतमा कुनै अक्षर चपाउन र बदल्न
सकिन्छ, यो श्लोक यसरी भन्नुपर्थ्यो —
संसारी जनलाई नै मोक्ष गर्न भवाङ्कुर ।
कीर्तनीय ! महादेव नमस्कार म गर्दछु ॥

चन्द्रिका—भो भो व्याख्या विना नै सबै थाहा भैसक्यो (गौतम
फर्केर) यसलाई राम्रै चिनें । हाम्रो लील
योग्य रहेछ विहेको निश्चय गरे भयो, नत्र ति
धर्मशास्त्रले डाँको छोड्लान् यति भनेर खो
लीलालाई लिएर जान्छे)

(सबै जना उठेर दङ्ग पर्छन्)

वेद— अन्त्यमा गएर केटीकी आमाले पनि वचन दिनुभयं

पुरो— अघि मैले भनेको जस्तै भयो ।

गौतम— अब हजुरहरू पाल्नुहोस् मङ्गलवार ठीक सम
पाल्नुहोला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै निस्किए ।

वेदान्त— ससुरालीमा त कस्तो सुख !

(पर्दा खस्छ)

द्वितीय अंक सकियो



तेस्रो अंक

(पहिरहेका सत्यव्रत देखिन्छन्)

(खिन्न भएकी लीला त्यहाँ पस्छिन्)

सत्य— (लीलालाई देखेर) लीला ! किन दिक्क मानेकी ?

लीला— के भनूँ ! खोइ म अभागिनी ! (यसो भनेर लुगाको फेरले आँसु पुछ्छिन्)

सत्य—(उठेर) लीला ! तिमीलाई के दुःख पऱ्यो भनन ?

लीला—पूर्व जन्मको भाग्य नै त्यस्तै के गर्नु ?

सत्य— किन हँ ?

लीला— पिताजी वेदान्त भट्टसँग र माताजी जँडचाहा सोमिलसँग मेरो विहे गरिदिन लाग्नुभएको छ । के यिनीहरूलाई चिन्नुहुन्छ ?

सत्य— दुवैलाई राम्रै चिन्दछु एउटा राडो र अर्को बाँदर हो । लीला ! पिता मातालेकिन यस्तो गर्नुभएको ?

लीला— ममा ज्यादा माया भएकोले ।

सत्य— कहिले कहिले त ज्यादै मायाले गर्दा गुण र दोष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छुट्टचाउने शक्ति नै गुम हुन्छ भंगो, नडराऊ म पिता मातालाई भन्दछु ।

लीला— दाजु, भो कोशिश नगर्नुहोस् । मैले कति हात जोडें तर तर मेरो कुरा दुवं जनाले सुनिदिनुभएन । धर्मग्रहले ग्रस्त हुनुभएका पिताजी, मैले जति भने पनि उही केटाको गुणको समर्थन गर्ने हजारौं श्लोक भट्टचाउनुहुन्छ । धर्मशास्त्रका पाना पनि पल्टाई पल्टाई देखाउनुहुन्छ । माताजी पनि गाँठीकै महिमा गाउँदै केटाले दिने अनेकन गहनाका नाम सुनाउँदै मलाई लोभ्याउनुहुन्छ र मलाई बोल्ने मौकै दिनुहुन्न । अर्को कुरा, सधैं नै यही विहे गर्ने कुरोलाई लिएर माता–पिताको झगडा हुन्छ । यसकारण मलाई लाग्छ, उहाँहरूको अगाडि तपाईंको कुराले पनि माखो मार्दैन होला ।

सत्य— यसो हो ! म सबै कुरा ठीक ठाक पारिहाल्छु नि !

लीला—कसरी नि ?

सत्य— मेरा राम्रा, धनी तथा युवक विलासकुमार भन्ने सहपाठी साथी छन् । उनीलाई तिमीले बारंबार हाम्रो घरमा आएको बेलामा देखेकी पनि हौली । उनी हाम्रो माता-पिताको पनि निक्कै मन परेका छन् । उनी नै तिमी-सुहाउँदा छन् ।

लीला— 'धर्मराज' भन्ने तिनैको नाम हो ?

सत्य— हो तिनलाई पाठशालामा धर्मराज भन्छन् । तर पितामाता त उनलाई विलास नै भन्दछन् ।

लीला— यस कुरालाई मिलाइदिने को होइदेला र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य— म आफैं गएर भन्छु । उनी मेरा प्यारा साथी हुन् ।

लीला— यदि उनले मानेनन् भने तपाईंलाई नमज्जा होला ।

सत्य— उनी तिम्रो शील स्वभाववेखि प्रभावित छन्, र मसँग वारंवार तिम्रा गुणको वखान गरिरहन्छन् । त्यस्ता उनी तिमीलाई कसरी नामञ्जर गर्लान् र ?

लीला— फेरि यो कुराको सुईंको माता पिताले थाहा पाउनुभयो-भने तपाईंको कोशिश माटामा मिल्ला नि !

सत्य— यसो भए सबै कुरा गुपचुपमै टुङ्गचाउँछु । ल है त, म अहिले उनैकहाँ जान्छु । (निस्कन्छन्)

लीला— अहो ! मलाई माता-पिताभन्दा पनि दाजु बढ्ता माया गर्नुहुँदो रहेछ । किनकि दाजु मेरो मायाले पढ्न चटक्क छाडेर जानुभयो । भन्न सक्तिनँ, दाजुका साथीले के भन्ने हुन् । यदि उनले भनेको माने तापनि बिहे कसरी सम्पन्न होला ? पिता-माताको अठोटलाई बदर गर्न दाजुको पनि क्यै लाग्दैन । साँच्ची नै मेरो त सुद्धिबुद्धि नै गुम भइसक्यो (विचार गरेर) अँ मेरी हजुर-आमा मलाई ज्यादै माया गर्नुहुन्छ । उहाँलाई नै आफ्नो दुःख सुनाउँछु । शायद उहाँ मेरा माता पिताको लिंडे ढिपी छुटाइदिनुहोला । अहिले हजुर-आमाकहाँ नै जान्छु । (हिंड्दै देखेर) अहो मेरा पिताजी केही (शोका पन्तरा) बोकेर यतै आउँदै हुनुहुन्छ । म उहाँको सामुन्ने पर्दिनँ त्यसकारण यो ढोकाबाट निस्कन्छु (भनेर अर्को ढोकाबाट निस्किइन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(त्यसपछि पोका पन्तरा बोकेका गौतम देखिन्छन्)

गौतम—(पोका पन्तरा बिसाएर) उहः छोरीको विवाह भनेको आफूले कुम्लो बोक्नु हो, विद्वान्ले भनेका कुरा ठीकै छन्। सबभन्दा ठूलो दुःख छोरीको बिहेमा सांच्चै थाहा पाईंदो रहेछ। मलाई त झन् दोब्बर दुःख छ। मैले गरेको कामलाई घरपट्टी ठस्केर खोट लगाउँछिन्। आज मैले निकै महँगा कपडाहरू ल्याएको छु शायद यसले त रिझिन्छिन् कि! (पोका पन्तरा बोक्छन्)

चन्द्रिका—(पसेर) को ए! यहाँ को हो?

(गौतम झस्कन्छन्, तिनले बोकेका पोका पन्तरा भुइँमा खस्छन्। माटाका भाँडा फुट्छन्)

चन्द्रिका—एहे! तिमी! म त भाँडाकुँडा चोर्न आएको कुनै चोर हो कि भन्ने ठानेको। यी पोका पन्तरा के हुन् नि?

गौतम—यी राम्रा कपडाहरू हुन् (पोको फुकाएर) हेर।

चन्द्रिका—(ठसक्क पर्दै आँखा तरेर हेर्छिन् र एकेक कपडा लिएर) महँगा कपडाहरू यिनै होलान् होइन?

गौतम—प्यारी! यीभन्दा महँगा कपडाहरू बजारमै छैनन्।

चन्द्रिका—कहाँबाट फेला परे त भागवत पुराण जस्तै यी पुराना कपडा? अँ यी कसलाई त?

गौतम—लीलालाई।

चन्द्रिका—दरिद्र वेदान्तकी पत्नीलाई यस्ता महँगा कपडा सुहाउलान् त?

गौतम—(झोक्किंदै) लीला वेदान्त भट्टकी पत्नी होइन, उही जँड्याहा केटाकी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(नेपथ्यमा लौराको ट्वाक ट्वाक सुनिन्छ)

गौतम— (कान थापेर) के हो यो ?

चन्द्रिका—(हेरेर) यहाँ धर्मदेवता दर्शन दिदै हुनुहुन्छ।

(त्यसपछि हातमा माला लिएकी बूढी पस्तछिन् ।)

गौतम— आमा ! कति कामले आउनुभएको हो !

बूढी— तिमीलाई भेटूं र केही कुरा भनूं भनेर आएकी।

गौतम—मलाई भने बिहेको कामले फुरसत छैन, भन्नुपर्ने कुरा छोटकरीमा भन्नुहोस् ।

बूढी— कसको बिहे ?

चन्द्रिका—तपाईंकै ।

गौतम— तपाईंकै लीलाको ।

बूढी— उसो भए मेरो काजक्रिया सकेर मात्रै त्यसको बिहे गर।

गौतम— आमा ! किन अलच्छिनो कुरा भन्नुभएको ?

चन्द्रिका—आमाको काजक्रिया गर्न पाउनु पनि कुनै अलच्छिन हुन्छ ?

गौतम— हँ आमा ! यो के भन्नुभएको ?

बूढी— म लीलाले सहस्रधारा रोएकी हेर्न सक्तिनँ।

गौतम— आमा ! नारद मुनि भएकी यो लीलाको बिहे जँड्याहा केटासँग गरिदिन खोज्छे । अनि बिचरी लीला किन नरोओस् त !

बूढी— वेदान्त भन्ने को नि ?

चन्द्रिका—वेदान्त भनेको तपाईं जस्ता बूढीले सेवन गर्ने योग्य हो ।

बूढी— (ठक्किदै चन्द्रिकालाई हेर्दै) जँड्याहा त उस्तै लछारीको योग्य हुन्छ । लीलालाई सुहाउँदैन । लीलालाई त दुबै-ओटा मत्त परिका छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— उसो भए त्यसलाई को मन परेको रहेछ ।

बूढी— त्यो कुरा मैले उसलाई सोधेकी थिएँ उसले भनी– 'मलाई धर्मराज मन परेका छन् ।'

गौतम— तपाईंले के भन्नुभयो त ?

बूढी— मैले भनें– 'धर्मराजलाई वरण गर्ने त मेरो वेला भएको छ तेरो हो र ?'

गौतम— अनि के भनी त ?

बूढी— त्यसपछि गहभरि आँसु भए तापनि उसले मुस्कुराउँदै भनी– 'धर्मराजले तपाईंलाईभन्दा पहिले मलाई वरण गर्नेछन् ।'

गौतम— ए हे ! धर्मराज भन्ने को होला त ?

बूढी— 'धर्मराजः पितृपतिः शमनो यमराड्यमः'

चन्द्रिका—होइन । होइन ; धर्मराज भनेको वेदान्तभट्ट हो ?

गौतम— धर्मराज, जँडचाहा होस् अथवा वेदान्त भट्ट होस्, जसरी हुन्छ छोरीको प्राण बचाउनु छ । के उपाय गर्ने हो ?

बूढी— यदि तिमी आफ्नो लिंडे ढिपी छोड्दछौ भने एउटा उपाय छ ।

गौतम— हुन्छ, म जिद्दी गर्दिनँ ।

बूढी— बुहारी ! तिमी पनि आफ्नो पँसाभन्दा हिरिक्क हुने बानी छाडिदेऊ ।

चन्द्रिका—ल त म पनि जिद्दी गर्दिनँ ।

बूढी— उसो भए लीलाको बिहे वेदान्त भट्ट र जँडचाहा दुवैसँग नहुने भयो होइन त ? अब यँ कुरा सुनाएर लीलालाई फुल्याउँछु (यसो भनेर जान लाग्छिन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— आमा ! यो के हो ? मैले त जिद्दी पो छोडेको त वेदान्तलाई हो र ?

चन्द्रिका—मैले पनि सोमिललाई छाडेकी छैन ।

बूढी— उसो भए मेरो ज्यानले उसको ज्यान बचाओ ।

गौतम— कसरी ?

बूढी— म मरेंभने यो बिहे रोकिइहाल्छ ।

चन्द्रिका—के रे ! आफू मरेर मेरी छोरीको बिहे रोक्ने रे ! त्यसो गर्नुभयोभने तपाईंको खप्पर धूलो नपारी छाड्ने छैन ।

बूढी— मरेकी मलाई जे जे गर्नुपर्छ गरेस् न । म बाँचुञ्जेल छुन सक्तिनस् ।

चन्द्रिका—के भनेको ? छुन सक्तिनस् रे ? (भन्दै उनलाई कम्टन्छिन्)

गौतम— ए ! उग्रचण्डी ! न छो मेरी आमालाई, (भन्दै चन्द्रिकालाई घिच्याउँछन् । उनी उनलाई पछारिदिन्छिन् । बूढी गुहार माग्छिन्)

(पर्दा खस्छ)

तेस्रो अंक सकियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— उसो भए त्यसलाई को मन परेको रहेछ ।

बूढी— त्यो कुरा मैले उसलाई सोधेकी थिएँ उसले भनी– 'मलाई धर्मराज मन परेका छन् ।'

गौतम— तपाईंले के भन्नुभयो त ?

बूढी— मैले भनें– 'धर्मराजलाई वरण गर्ने त मेरो वेला भएको छ तेरो हो र ?'

गौतम— अनि के भनी त ?

बूढी— त्यसपछि गहभरि आँसु भए तापनि उसले मुस्कुराउँदै भनी– 'धर्मराजले तपाईंलाईभन्दा पहिले मलाई वरण गर्नेछन् ।'

गौतम— ए हे ! धर्मराज भन्ने को होला त ?

बूढी— 'धर्मराजः पितृपतिः शमनो यमराड्यमः'

चन्द्रिका—होइन । होइन, धर्मराज भनेको वेदान्तभट्ट हो ?

गौतम— धर्मराज, जँड्याहा होस् अथवा वेदान्त भट्ट होस्, जसरी हुन्छ छोरीको प्राण बचाउनु छ । के उपाय गर्ने हो ?

बूढी— यदि तिमी आफ्नो लिंडे ढिपी छोड्दछौ भने एउटा उपाय छ ।

गौतम— हुन्छ, म जिद्दी गर्दिनँ ।

बूढी— बुहारी ! तिमी पनि आफ्नो पंसाभन्दा हिरिक्क हुने बानी छाडिदेऊ ।

चन्द्रिका—ल त म पनि जिद्दी गर्दिनँ ।

बूढी— उसो भए लीलाको बिहे वेदान्त भट्ट र जँड्याहा दुर्वासँग नहुने भयो होइन त ? अब यँ कुरा सुनाएर लीलालाई फुल्याउँछु (यसो भनेर जान लाग्छिन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— आमा ! यो के हो ? मैले त जिद्दी पो छोडेको त वेदान्तलाई हो र ?

चन्द्रिका—मैले पनि सोमिललाई छाडेकी छैन ।

बूढी— उसो भए मेरो ज्यानले उसको ज्यान बचाओ ।

गौतम— कसरी ?

बूढी— म मरेंभने यो बिहे रोकिइहाल्छ ।

चन्द्रिका—के रे ! आफू मरेर मेरी छोरीको बिहे रोक्ने रे ! त्यसो गर्नुभयोभने तपाईंको खप्पर धूलो नपारी छाड्ने छैन ।

बूढी— मरेकी मलाई जे जे गर्नुपर्छ गरेस् न । म बाँचुञ्जेल छुन सक्तिनस् ।

चन्द्रिका—के भनेको ? छुन सक्तिनस् रे ? (भन्दै उनलाई कुम्टन्छिन्)

गौतम— ए ! उग्रचण्डी ! न छो मेरी आमालाई, (भन्दै चन्द्रिकालाई धिच्याउँछन् । उनी उनलाई पछारिदिन्छिन् । बूढी गुहार माग्छिन्)

(पर्दा खस्छ)

तेस्रो अंक सकियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चारौं अंक

(विवाह घरमा जान लागेका, लौरोको भरमा हिंड्ने बूढा देखा पर्छन्)

बूढा— (थकाइले अँध्या बाबा भन्दै) उमादै नै थाकें, थाहा छैन, अरु गौतमको घर कति टाढा होला । यही शीतल छहारीमा केही बेर थकाइ मार्छु (बसेर) ऊः··· ··· ।

(दुइटा ठिटा आइपुग्छन्)

पहिलो—(बूढालाई देखेर) ए ! रूखको फेदमा एकजना बूढा रहेछन् ।

दोस्रो— भंगयो होइरहुन् । घाम अस्ताउने वेला भैसक्यो सरासर जाऔं ।

पहिलो—त्यसो गर्न हुँदैन सोध खोज गरेर जाऔंन ।

दोस्रो— हुन्छ त त्यसै गरौं ।

(दुवै जना नजीक जान्छन्)

पहिलो—बूढा बा ! तपाईं कता जान लाग्नुभएको ?

बूढा— तिमीहरू कहाँ जान्छौ नि ?

पहिलो—हामी त गौतमको घरमा जान्छौं ।

बूढा— म पनि त्यहीं नै जाने हुं ।

दोस्रो— उसो भए यहाँ किन बस्नुभएको त ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बूढा— तिमीहरूलाई नै पर्खेर ।

दोस्रो— हामीलाई तपाईंले चिन्नुभएको छ र ?

बूढा— अहिले चिनें । मैले बाटो देखेको छैन । यसैले मलाई पनि त्यहाँ पुऱ्याइदेओ ।

दोस्रो— त्यहाँ किन जानुहुन्छ त ?

बूढा— के तिमी तरुना ठिढाहरू गौतमको छोरीको बिहे गर्न जान्छौ ?

दोस्रो— हामी त दक्षिणा टिप्न जाने ।

बूढा— म पनि त्यसैको लागि ।

दोस्रो— ल सबै जाऊँन त अब ।

बूढा— बाबू ! मलाई ज्यादै प्यास लागेको छ । कतैबाट पानी ल्याइदिन सक्छौ ?

पहिलो— बूढा बा ! हुन्छ (भनेर पानी लिन जान्छ)

दोस्रो— बूढा बा ! भगवान् सूर्यका दाँतभने दक्ष प्रजापतिका यज्ञमा उनैका घुपोरेले भाँचिदिएका थिए भन्ने सुनिन्छ तर तपाईंका दाँत कसले भाँचिदिए ?

बूढा— मेरा दाँत मेरै घरबूढीले भाँचिदिएकी हो । यसको कथा लामो छ, यी सबै कुरा पानी पिएर बाटो लागेपछि भनौंला, बाटो काटेको पत्तै पाइन्न ।

दोस्रो— उसोभए उठ्नोस् साथी गएकै ठाउँतिर जाऔं पानी पिएर त्यतैबाट बाटो लागौंला ।

बूढा— (ऐय्या बाबा भन्दै) अँहँ म त एक पाइलो पनि चल्न सक्तिनँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो— तपाई हिंड्न नसक्ने भए किन कष्ट उठाउनुहुन्छ त बरु यसो गर्नोस् ।

बूढा— के हुँ भन त ?

दोस्रो— (बूढोको हातबाट लौरो लिएर) यो लौरो मलाई दिनोस् । म यो लौरो देखाएर तपाईंको नाम सुनाएर दक्षिणा ल्याएर तपाईलाई दिन्छु ।

बूढा— दिएनन् भने नि ।

दोस्रो— दिएनन् भने यसरी लौरो उज्याएर देखाउँछु अनि त दिइहाल्छन् नि । यसो भन्दै बूढाको अघिल्तिर लौरो उज्याउँछ बूढा डरले बराउँछन्)

पहिलो—(पानीको भाँडो लिएर आउँदै) ए ! के भो हँ ? के ? दासहरि हतारिदै गाला ठटाउँदै पुरञ्जन नाम गरेका ब्राह्मण आइपुग्छन्)

पुर— ए बूढालाई नकुट, तिमीलाई ठूलो पाप लाग्ला, कुम्भीपाक मा परौला ।

दोस्रो— (पुरञ्जनपट्टि फर्केर) ए ! रवाँठ ! मैले बूढालाई कुटेको छैन ।

पुर— (शंका मान्दै) ए! भर्खर नुहाएर आएको हुँ मलाई नछोऊ ।

दोस्रो— केरे ? के ? नुहाउन आएको ? उसो भए ल नुहाऊ (भनेर साथीको हातबाट पानीको भाँडो लिएर पुरञ्जनलाई खत्याइदिन्छन्)

पुर— (कराउँदै) पापी बाँदर तँले यो के गरेको ?

बूढा— प्यारा बाबु ! मलाई पानी देऊ त खाइहालौं ।

पहिलो—(पानीको भाँडो लिएर) ल्याएको पानी यिनले पोखिदिए । फेरि ल्याउँछु (जान लाग्छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुर— (आफ्नो टाउको पछ्यौराले पुछ्दै) बाबू, बिन्ती छ, म गइहाल्छु अनि मात्र पानी ल्याए है, नत्र यी चरुचके केटाले फेरि खत्याइदेलान् ।

पहिलो—साथी ! यी ब्राह्मणमाथि ठूलो अपराध गऱ्यौ । यिनीसँग माफी माग (भनेर पानी लिन जान्छन्)

दोस्रो— (हात जोडेर) बाजे नळोविकनोस् आउनोस् बस्नोस् । हामी पनि बाहुन नै हौं (दाह्री तानेर बसाउँछन्)

वृद्धा— प्यारा बाबू ! यस्ता वैदिकलाई किन होच्च्याउँछौ ?

दोस्रो— यस्तो पनि होच्याएको हुन्छ र ? तपाईंहरूले सुन्नुभएकै होला नि । उहिले दक्षप्रजापतिको यज्ञमा महर्षि भृगुलाई दाह्रीमा समातेर बाहिरपाटो लगाएका थिए रे ।

(फेरि उनको दाह्री समात्न खोज्छन् । उनी छेक्छन्)

वृद्धा— हो ! मैले पनि सुनेको थिएँ ।

दोस्रो— तपाईं पनि गौतमकै घरमा जान आउनुभएको हो ।

पुर— आएको हुँ । तर त्यहाँ लोग्नेस्वास्नीको दन्तबजानले सबै काम कुरो लयालिङ्ग छ भन्ने सुनेको छु ।

दोस्रो— के रे ? खुलस्तसँग भन्नोस्न ।

पुर— त्यहाँ केटीका बाबुले यौटालाई कामकुरो छिनेको छ, केटीकी आमालाई त्यो मन परेको छैन । उनले अर्कैलाई कामकुरो छिनेकी छन् । त्यो पनि दाजु चाहिलाई मन परेको छैन । उनी पनि अर्कैलाई ठीक पार्ने ताकमा छन् भन्ने सुनिन्छ ।

दोस्रो— केटीले पनि ती तिनै केटालाई लफण्डाएर अन्तै सल्कने हुन् कि त ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुर— चारों पाचौं के हुन्छ, त्यो त थाहा छैन। तर त्यहाँ निकै खेला-खेला मच्चिएको छ।

बूढा— के त्यहाँ पनि यस्तै छ? आजभोलि त सबैतिर यस्तै विवाह-विषयको झगडा मच्चिरहेछ।

पुर— आजभोलि धर्म त टुपी कांटेर भौतारिंदै छ, कालको गति विचित्र छ।

पहिलो—(पानी लिएर पस्तै) बूढा बा! पानी खानोस् (बूढालाई पानी दिन्छन्। बूढा कलकल गरेर पानी पिउँछन्। पुरञ्जन दोस्रोको मुखतिर हेरेर डराउँछन्।)

दोस्रो—(पुरञ्जनपट्टि फर्केर) तपाईं पनि पानी खानुहुन्छ?

पुर— बाबू! नमस्ते।

बूढा—(चीसोले हिक्क हिक्क गर्दै उठेर) सबै जना जाओं।

(पर्दा खस्छ)

चारौं अंक सकियो

+

पाचौं अंक

चन्द्रिका—हरे! संसारमा कैयन् आइमाई लोग्नेलाई तहलाएर आफ्नो वशमा राख्छन्। तर के गर्नु आफ्नो खप्परमा यस्तो लेखेको रहेनछ। के गर्नु आफ्ना त टाउको फोरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि तह लाग्ने भएनन् । साम, दान, भेद, दण्डमध्ये मुख्य दण्ड हो, तर मैले लाँठी मुडप्री भन्ने गरेको छैन । अथवा मात्तिएका राडा जस्ता तिमीलाई लाँठैले पनि के ठाँगेर चल्ला र ?

(गौतम आउँछन्)

गौतम— ए ! भ्याउती, ए ! ए कार्गिनी ! के के फत्फताइ रहन्छेस् ?

चन्द्रिका— ए ! बकुलाभगत् जानेका छौ ? मलाई पनि तिम्रा रीं रीं थाहा छ । मैले पनि हजार नाउँ बनाउन जानेकी छु ।

गौतम— ए ! अब त ठाउँ छोडिसकिस् तलाई नबाँधी भएन ।

(चन्द्रिकालाई डोरीले बाँध्छन् उनी कराउँछिन्)

(लीला पस्तछिन्)

लीला— पिताजी ! यो के चाला हो ?

गौतम— मुक्कामुक्की भनेको यही हो । तिमी पछि हट ।

चन्द्रिका— छोरी ! स्त्रीहत्या भनेको यही हो । तिमी पछि हट ।

लीला— पिताजी ! बिन्ती छ माताजीलाई फुकाइदिनोस् ।

(गौतम डोरी फुकाइदिन्छन्)

गौतम— ए ! किन व्यर्थ फतफताउँछेस् ? त्यति आफूले गर्न लागेको काम पूरा गरिनँभने त म मान्छे नै होइन र यी मेरा ओठमाथिका जुंगा जुंगै होइनन् ।

चन्द्रिका— म व्यर्थ फत्फताएकी छैन । सम्झे ! यदि म चन्द्रिका मेरो बाबुले जन्माएकी छोरी हुँभने आपनो कबोल पुऱ्याइछाड्छु । (लीलापट्टि फर्केर) छोरी तिम्रो मामाघर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाऊँ हिंड (भनेर हातमा समातेर तान्छिन् उनी डेग चल्दिनन्) लीला ! तिमीलाई म नलगी छाड्दिनँ ।

(भन्दै आँलो ठड्याउँदै निस्कन्छिन्)

गौतम— (लामो सास फेरेर) बल्ल कुरो मिल्यो दैवसंयोगले यो महामारी आफै पन्छिई । अबभने मैले आँटेको कुरो निर्विघ्न समाप्ति हुने भयो (लीलापट्टि फर्केर) छोरी ! अझै केही काम बाँकी छ । त्यति काम गरेर म भोलि बिहान आउनेछु (यति भनेर गए)

लीला— हरे ! अहिले मेरो पूर्वजन्मको कमाइ रास्त्री फलन लाग्यो मेरा पिता माताको रिस परम सीमामा पुग्यो । दाजु पनि साथीकहाँ जानुभएको थियो । त्यताको खबर के भयो थाहा छैन । दाजुको कोशिश सफल भएन कि जस्तो लाग्छ । नत्र अहिलेसम्म किन आउनुहुन्नथ्यो र ? भोलि बिहान बिहेको लग्न छ । म अभागिनी के गर्ने हो ? राती भागीमने पनि गाउँलेले नानाथरी कुरा काट्छन् । मर्नुसिवाय कुनै बाटो देखिँदैन । अब अन्त्यसमयसम्म दाजुलाई पर्खन्छु र जे गर्नुपर्छ भोलि बिहान शुभमुहूर्तमा गर्नुपर्ला । मलाई त तँ तँ मनै सजिलो छ । घरको इनार ज्यादै गहिरो छ त्यसमा हाम्फाल्यो, खतम भै हाल्छ । अहिले ओछ्यानमा पल्टन्छु, मित्र हजुर-आमा सुत्नुभएको छ, उहीं जान्छु ।

(त्यसपछि निदाइहेकी बूढी देखिन्छन्)

लीला— हजुरआमा मस्त निद्रामा हुनुहुँदो रहेछ भैगो बिउँझाउन्नँ (वत्ती मलिनु पारेर) हे भगवान् ! दयालु धर्मराज !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बरु मलाई सुतेको सुँ यै पार्न आफ्ना दूतहरू पठाइदिनु-
होस् न (मनमा यस्ता कुरा खेलाउँदै ओछ्यानमा सुतेकी
भुसुक्कै निदाइछन्)

(अनि चोर पस्तछन्)

चोर— (चारैतिर हेर्दै)

यो शूल यो कुत हो यो रगताम्य खुकूरी हो।
यी मेरा जीविका गर्ने यिनै हुन् देवता अहो? ॥
शूलले फोर्छु आँखा म खुर्पाले मुख च्यात्तछु।
खुकुरीले घाँटी काटी खुशी भैरव पार्दछु॥
ए! सेनमारा! आइज त।
(नेपथ्यमा) म आउँदै छु।

दोस्रो— ए! भैया! आउँदै छु भन्, कसका आँखा झिक्नुपऱ्यो?
कसका मुखमा बुजो कोच्नुपऱ्यो? कसका हात खुट्टा
बाँध्नुपऱ्यो? कसको भित्तो फोर्नुपऱ्यो?

पहिलो—ए तँले बिसिस्? आज गौतमको घर फोर्नुपर्छ
भनेको होइन?

दोस्रो— अँ हो त नि, मैले त बौलाहाले दिसँकै दिसँछु। गौतमको
घर कता छ?

पहिलो—तिनको घर यही नै होला हेर परखालको ढोका विवाहका
ऊयाऊ स्याउले सिंगारिएको छ। पर्सो (नजीक गएर)
ए! त्यो केटी यै त हो नि! यसलाई लिएर
जाऔं।

बूढी— (ओछ्यानबाट उठेर तिनीहरूलाई देखेर) हा! (भनेर
कराउँदै मूर्छा पछिन्। लीला डरले थर्कमान हुँदै उठेर
ट्वाल्ल परेर उभिन्छिन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो—ए ! नानी ! कित डराएको ?

लीला— तिमीहरू को हौ ?

पहिलो—(भजादमी स्वरले) हामी तँलाई चोर्न आएका हौं । यो कालो ओढ्ने घुम्चुङ्ग ओढेर हिंड् (अनेर कालो ओढ्ने भुइँमा राखिदिन्छन्)

लीला— यहाँ धन सम्पत्ति छन् लैजाओ । मेरा गहनाहरू पनि सबै दिन्छु, यी पनि लैजाओ, तर मलाई नलैजाओ ।

पहिलो—ए ! हामी त सर्दारको आज्ञा मान्ने हौं हामीलाई धन सम्पत्तिको मतलब पनि छैन गहनाको लालचा पनि छैन तँलाई नै लैजान्छौं ।

लीला— (मनमनै) साँच्चै यिनीहरू चोर होइनन् । मलाई दया गरेर यमराजले पठाएका दूत हुन् स्पष्ट बुझ्यौं त (सुन्ने गरी) डरलाग्छ, यो राती हुँदो तिमीहरूको पछि लाग्न सक्तिनँ ।

पहिलो—डरा कि नडरा छोड्ने होइनौं ।

लीला— यसो भए मलाई मारेर लैजाओ ।

पहिलो—आमाको अगाडि मर्नेछस्, यहाँ होइन ।

लीला— के ! मेरी आमाको अगाडि ? एहे ! उसोभए त झन् डरलाग्छ ।

पहिलो—हाम्रो जगदम्बा भैरवीलाई भोग दिने ।

लीला— (मनमनै) यी यमदूत रहेछन् । मेरो शुभकार्यको लागि यो राम्रो साइत छ ।

पहिलो—ए ! के विचार गर्दैछेस् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लीला— केही पनि होइन । मेरी बूढ़ी हजुरआमासँग बिदा माग्छु ।

पहिलो—उनलाई चाँडै नै देख्न पाउलिस् ।

लीला— (मनमनै) हो मेरो बिछोडले हजुरआमा पनि धेरै काल टिक्नुहुनेछैन (सुन्ने गरी) ल त पछि लागें (गहभरि आँसु पारेर हात जोड्दै) हे ! कुलदेवता ! हे ! हजुरआमा ! हे ! माताजी ! हे ! पिताजी ! हे ! दयालु दाजु ! यो अभागिनी बाटो लागी । तपाईंहरूलाई यो मेरो अन्तिम प्रणाम हो (यति भनेर कालो ओढ्ने घुम्लुङ्ग ओढेर रुँदै हिँडिन्)

पहिलो—न रो ! तेरो सद्गति हुनेछ अगाडि लाग् (सबै घुम्छन्)

(त्यसपछि पुण्डरीकको प्रवेश)

पुण्ड— (चोरलाई देखेर) गुहार ! गुहार ! (भन्दै सुईकुच्चा ठोक्छ)

दोस्रो— ए ! कहाँ भाग्छस् ? (भनेर उनलाई उनैको पछ्यौराले बाँध्छन्) ए ! तँ को होस् ? यो आधारातमा कहाँ जान लागेको ?

पुण्ड— म ... म (भन्दै थर्थर काम्छन्)

पहिलो—साँचो बोल् । नत्र तेरो जिभ्रो काटेर पातमा राखिबिउँला (भन्दै खुकुरी उज्याउँछन्)

पुण्ड— म मेरी दिदीले भन्नुभएको हुनाले गौतमको घरमा जाँदै छु ।

पहिलो—तेरी दिदी को को हो ? किन जान्छस् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्ड— गौतमकी गृहिणी मेरी दिदी। उनकी छोरीको हाम्रा घरमा कुम्ले बिहे गर्ने तरखर गरिएको छ। उनको छोरी-लाई आफ्नो घरमा ल्याउन भनेर त्यहाँ जान लागेको हुँ।

पहिलो— तँ यस्तो चूक पोखेको जस्तो अँध्यारोमा कहाँ एक्लै जान्छस्, हिंड् हामीसँगै भोलि बिहान जालास्।

(पुण्डरीक बाल्ल परेर पछि लाग्छन्)

(पर्दा खस्छ)

पाचौं अंक सकियो

छैटौं अंक

(गौतमको प्रवेश)

गौतम— हरे! बिहेको लगन बित्न आँटिसक्यो पाहुनापासा बोलाउन गएको सत्यव्रत पनि आइपुगेको छैन। अचेलका ठिटाको स्वभाव के जस्तो के जस्तो छ। एक थोक अह्रायो अर्को थोक गरिदिन्छन्। (एसो वाहिरतिर हेरेर) लौ जन्ती आइसके (भन्दै हडबडाउँदै काम्लो बिछ्या-उँछन्)

(पुरोहित आदि जन्ती डराई डराई पस्छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम— यहाँहरू बस्नोस् ।

पुरो— घरपट्टी खोइ त ? (भनेर सानले सोढ्छन्)

गौतम— त्यो गधेनी कायल भएर भागी ।

वेदान्त—गधादेखि डराएर आफैं भागिन् गधेनी हा !

पुरो— (खुशी हुँदै) उसोभए आजको काम सरासर चल्ने भयो ?

(त्यसपछि रिसले भुतुक्क भएकी चन्द्रिकाको प्रवेश)

वेदान्त—आइन् फेरि शूर्पणखा नामकी राक्षसी अहो ?

चन्द्रिका—भाञ्जी लिन गएको पुण्डरीक फर्केन । त्यो यहीं रङ्गमञ्चिएको होला । (हिंडेर देखेर) अहो ! लोग्नेतर्फका जन्ती त आइसकेछन् । मेरा जन्तीले किन ढीला गरे होलान् । तिनीहरू मसँगै हिंडेका हुन् ! (देखेर) लः आइपुगे आइपुगे (भन्दै काम्लो खोज्छिन् । वेदभट्टहरू डराएर आफू बसेको काम्लो छोडिदिन्छन् । चन्द्रिका त्यसलाई अन्तै बिछ्याइदिन्छिन् । वेदभट्टहरू रुमालले धूलो उडाएर भुइँमा बस्छन्)

(अनि कुशिक, रामिल र सोमिलको प्रवेश)

चन्द्रिका—यहाँहरू यहाँ बस्नोस् (भनेर तिनीहरूलाई आफ्नो थरी जन्तीको सामुन्ने बसाउँछिन्)

(गौतम भित्रबाट बत्ती आदि सरसामान ल्याउँदै आपना जन्तीको अगाडि राख्दै गर्छन् । चन्द्रिका ती सबै मालसामान खुरुखुरु आफ्ना जन्तीका अगाडि राख्न लैजान्छिन् । पहिले उनले बत्ती लगिन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त—गयो बत्ती ।

(अनि चोखो पानी लगिन्)

वेदान्त—गयो पानी,

(त्यसपछि फूल चन्दनादि लगिन्)

वेदान्त—गन्ध फूलहरू गए

(फेरि पानबट्टा लैजान्छिन्)

वेदान्त—हरायो पानको बट्टा

(डराउँदै)

बत्ती गयो, गयो पानी, गन्धफूलहरू गए
हरायो पानको बट्टा हरिन्छौं हामी नै कि लौ ??

पुरो— हाम्रा दुह्राका शनिदोष निवारणको लागि तीं सबै कुरा दान गरेको सम्झिदिऔं ।

(गौतम लुकेर बस्छन्)

कुशिक— हजुर ! घरमालिकलाई बोलाउनोस् ।

चन्द्रिका—किन ? घर मालिक्नी मै हुँ ।

कुशिक— उहाँलाई केही सोध्नु छ ।

चन्द्रिका—उसोभए हजुर नै बोलाउनोस् ।

कुशिक— ए ! घरमालिक !

गौतम— घरमालिक्नी त्यँ हो । म त गौतम ।

कुशिक— यता आउनोस् न त एक पटक ।

गौतम— (नजीक गएर) किन ?

कुशिक— बिहेका सबै मालसामान खोइ ? आएका छैनन् ।

गौतम— के जाँडको पुङ्रो ल्याउनुपऱ्यो ? कि छुराको थैलो ? अथवा चुरोटको पेटी नै तेर्स्याउनुपऱ्यो कि ? (भन्दै जाँडको गन्धले नाक थुन्छन्)

कुशिक— हजुर ! यो के चाला हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रिका—यो अस्तं हो । सबै कुरा म आफैं ल्याउँछु (भनेर भित्रबाट लत्ताकपडाहरू ल्याएर आफ्नो जन्तीको अगाडि राख्छिन्)

वेदान्त—यी सरसामान पनि दान दिएकै सम्झने होइन त ?

वेद— (दिक्क भएर गौतमपट्टि फर्कंदै) आर्य, यो के चाला हो ?

कुशिक— तिनी सबै मालसामान दिउन् न त के भो र ? म तिमी-हरूलाई कन्या दिउँला ।

(गौतम खुशीसाथ टाउको हल्लाउँछन्)

वेदान्त— (सोमिलपट्टि फर्केर) बच्छी बच्छी गरौंला है, चूपचाप बसे तिमी ।

चन्द्रिका—काम शुरु गर्नोस् लगन बित्ला ।

कुशिक— शुरु गरिहाल्छौं दुलही ल्याउनोस् ।

चन्द्रिका—हस् (भित्र गएर फर्केर) दुलही त घरभरि नै छैनन् । पक्का पनि यिनैले लुकाएको हुनुपर्छ ।

वेदान्त— (डराउँदै) मैले त होइन, मैले त होइन ?

चन्द्रिका—(गौतमलाई झम्टँदै) भन ! छोरी कहाँ लुकायौ ?

गौतम— मैले कहाँ लुकाएको छ र ? वर तैंने लगेकी होलिस् ।

बूढी— (रुँदै) छोरीलाई चोरले चोरे ।

गौतम— आमा के भन्नुभएको ?

बूढी— गएरातमा घरभित्र दुईजना चोर पसेका थिए । म ब्यूँझिसकेको भए तापनि, थर्थर काँपिरहेकी लीलालाई देखेर, उसलाई बचाउने कुनै उपाय नदेख्ता बेहोश भएर लडें । त्यसपछि होशमा आएर यताउति हेर्छु ता लीला कतै पनि थिइन । पक्का पनि उसलाई चोरहरूले चोरे । (भनेर रुँदै भुईंमा बजारिइन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रिका—हरे ! कहाँ गयौ नि ? मेरी आँखाकी नानी ?

(सबै जना हाहाकार मच्चाउँछन्)

(त्यसपछि सत्यव्रतको प्रवेश)

सत्य— माता ! पिता ! भाग्यले बाँचियो ।

वूढी— के ! के ! छोरी बाँचिन् ?

सत्य— बाँचिन् र आउँदै छिन् पनि ?

वेदान्त— अहो ! मेरी प्राण आउँदै छिन् ।

वूढी— मेरी बाबालाई कसले जोगायो ?

सत्य— मामाले भन्नुभएको मेरै पाठे विलासकुमारले रे ।

गौतम— हो थाहा छ, तौ विलासकुमार परोपकारी मिज्यासिला सत्यवक्ता हुन् ।

चन्द्रिका—के पुण्डरीकलाई पनि चोरैले समातेछन् ? तिनीहरू कति टाढा छन् ?

सत्य— आउँदै हुनुहुन्छ ।

(लीला विलासकुमार र पुण्डरीकहरूको प्रवेश)

वूढी— (लछारिँदै गएर लीलालाई अँगालो मार्दै) बाबा ! यमराजको मुखबाट बच्यौ ! (आँसु वररर खसाल्छिन्)

वेदान्त— आऊ प्यारी आऊ । यमपुर पुगेर मेरो पुरमा आएकी छ्यौ ।

चन्द्रिका—पुण्डरीक ! भएको के ?

पुण्ड— तपाईंले भनेअनुसार म लीलालाई लिन आउँदै थिएँ बाटैमा चोरले चौखुऱ्याए । तिनीहरूले भाञ्जीलाई र मलाई भैरवीलाई भोग दिन डोऱ्याउँदै लगे । यहाँ महापुरुषले जुक्तिबुद्धिले उनीहरूलाई पाता कसेर हामीलाई बचाउनुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त— उपायैले सकिन्छ पराक्रमले सकिन्न त्यो ।

चन्द्रिका—साँच्चै यहाँ त सबै गुणको खानी नै हुनुहुँदो रहेछ ! अनि अनि ?

पुण्ड— यहाँ महापुरुषले मलाई र लीलालाई छुटाइदिनुभयो र सबै यहीं आएका छौं ।

गौतम— चोर कहाँ गए त ?

पुण्ड— तिनीहरूलाई ठानामा बुझाउन आँटेको हो तर दैवसंयोगले भाञ्जा त्यहाँ आइपुगे र ? भाञ्जाको पाउ परेको हुनाले छुटकारा पाए ।

बूढी— मलाई थाहा छैन र हाम्रो सत्यव्रत ज्यादै दयालु छ ।

वेदान्त— (नाच्तै) अब बिहेको थालनी गर्नुपऱ्यो ।

पुण्ड— पहिले यहाँ महोपकारीको मान-सम्मान गर्नुपऱ्यो ।

गौतम— साँच्चै हो प्राणदाताको पहिले सत्कार गर्नुपर्छ ।

चन्द्रिका—यहाँलाई अमूल्य रत्नले सत्कार गर्नुपर्छ ।

सत्य— पिताजी ! यहाँको सत्कारयोग्य त्यस्तो कुन चीज होला ?

बूढी— हाम्री लीला नै अमूल्य रत्न छन् । त्यसले त चोरहरू यिनलाई चोर्न आइपुगेका !

वेदान्त— जुनसुकै चीजमा पनि सबभन्दा असललाई रत्न भन्दछन् ।

पुण्ड— हजुरले भन्नुभएको ठीक छ ।

सत्य— पिताजी ! के विचार छ ?

गौतम— के विचार गर्नु छ र ? अहिलेसम्म मेरो आँखामा जालो लागेको रहेछ । अगाडि रहेको सुनको खानी पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख्न सकिनछु । अब सुन भेट्टाएपछि चाँदोलाई कसले ह्रास्ता गर्छ र ! तिम्रो आमा के भन्छे ?

सत्य— आमा ! के भन्नुहुन्छ त ?

चन्द्रिका—म पनि किन नाइँनास्ती गर्थें र ? अहिलेसम्म त गतिलो केटा फेला नपरेर पो तिम्रा बासँगको दन्तबजान मच्चिरहेको । असल मणि पाएपछि पत्थरको गहना को लगाउला र ?

गौतम— अहो ! चोरले पनि भारी उपकार गरे । किनकि मेरी घरबूढीको घट्टमा पनि घाम लागेछ ।

बूढी— बाबू ! यो दोष उसको मात्र होइन । तर तिमीलाई पनि अहिलेसम्म ग्रहले ग्रास गरेको थियो । त्यसैले तिम्रा राम्रा कुरा पनि नराम्रा हुन्थे । अहिले तिम्रा ग्रह अनुकूल भएछन् । त्यसैले तिम्रो काम पट्न लाग्यो ।

वेदान्त— संन्यासको तत्व कुरो के हो त्यो जान्न खोज्दछु ।

वेद— आर्य ! हजुरले मसँग प्रतिज्ञा गर्नुभएको थियो के प्रतिज्ञा-भङ्ग गर्नुहुन्छ ?

गौतम— आर्य ! म कहिल्यै पनि प्रतिज्ञाभङ्ग गर्दिनँ । अब जन्मने पहिली छोरी तपाईंकै छोरालाई टक्याउनेछु ।

वेदान्त— अहह !

'यत्तिका सत्यवादी त न भए न हुने भए ।'

वेद— (पुरोहितपट्टि फर्केर) पुरोहित जाऔं ।

पुरो— एकैछिन पर्खौं । दक्षिणा लिएर जाऔंला ।

रामिल— (चन्द्रिकातिर हेर्दै) हजुर हामीलाई के भन्नुहुन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रिका—कुनै बित्तो काम छैनभने भोज खाएर पाल्नुभए हुन्छ ।

वेदान्त— भगवान्ले भन्नुभयो— हे अर्जुन !

व्यर्थै छ शोक गर्नु ता अपरिहार्य कार्यमा ।

सोमिल— (वेदान्तसँग अँगालो मार्दै) भाइ ! हामी दुबै जना उस्तै उस्ता भयौं !

वेदान्त— (सोमिलसँग अँगालो मार्दै)

दुबै यी जलमा पर्याक्नु झुण्डचाई घण्ट घाँटीमा ।

(त्यसपछि इष्टमित्रहरू पस्तछन्)

गौतम— हामी सबै मित्र जाओं, भोलि शुभ मुहूर्तमा विवाह गरौंला ।

(पर्दा खस्छ)

छैटौं अंक सकियो

—✠—

सातौं अंक

(सबै जना देखिन्छन्)

(व्याउला-व्याउली परस्परमा माला लगाइदिन्छन्)

बूढी— छोरी, तिमीले हिजो- 'भलाई त धर्मराज मन परेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

नान... ...तमी

थिनकाः ...लापट्टि

फर्केर) बाबु : ... ...ल्य रत्न संयो ...गाईको

हात पऱ्यो । संभार गर्नोस् ! लामो आयु ...

वेदान्त— कन्यारत्न यहाँ राजन् युवारत्न सँग मिल्यो ।

(दुलहा–दुलही नमस्कार गर्छन्)

सत्य— नानी ! अब यसभन्दा कुरो के गर्नुपऱ्यो ?

बूढी— यसभन्दा प्यारो के छ र ? तँ पनि यसो होस्

सबजन दिपि जाउन् राहुमैं टाँसिएको

सबकन उपकारी भेटियोस् रम्य तत्व

सबजन सुख–सागरमा डुबुल्की लगाउन्

सबकन शुभवार्ता शारदाजी सिकाउन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

9

Acc. No. 5006
Class No 891.492 Book No POU
Author पौडेल, बृहस्पति, अनु
Title नेपाली - विलास प्रकाश

D...	Borrower's Name	Returned on

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बृहस्पतिद्वारा अनूदित—
प्रसिद्ध नाटककार भासरचित,
प्रतिमा नाटकको नेपाली
अनुवाद पनि पढ्न नभुल्नु-
होला ।

पुस्तक पाइने ठाउं—

साझा प्रकाशन

(विभिन्न शाखाहरूमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu